Uniglobe
SS/College
*Bringing the best together*

व्यवस्थापन समुह

# दसैं तिहार विदाको कार्य २०७४

प्रस्तोता :.............................................

कक्षा : ..........................................

रोल नं........................................

विषय शिक्षक : .........................................

१. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :**

- क) **वर्णहरुको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस् :** क, झ, थ, र, व
- ख) **अक्षर संरचना र सङ्ख्या समेत देखाउनु होस् :** लरबर, शङ्ख, नाङ्लो, आचरण, अनाधिकारी

२. **कुनै एक प्रश्नको उत्तर दिनु होस् :**

- क) **वर्णहरुको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस्** : ग, छ, भ, ल, ह
- ख) **अक्षर संरचना र सङ्ख्या देखाउनु होस्** : सत्याग्रह, शिक्षक, वैज्ञानिक, पर्वतारोहण, निकुञ्ज

३. **कुनै एक प्रश्नको उत्तर दिनु होस् :**

- क) **वर्णहरुको उच्चारण स्थान र प्राणत्व छुट्याउनुहोस्** : ख, ड, म, य, ह
- ख) **अक्षर संरचना र सङ्ख्या देखाउनु होस् :** अङ्गरक्षक, विशेषता, मृत्युपर्यन्त, वातारण, क्वाक

४. **कुनै एक प्रश्नको उत्तर दिनु होस् :**

- क) **वर्णहरुको उच्चारण स्थान र घोषत्व छुट्याउनुहोस्** : घ, च, द, फ, ल
- ख) **अक्षर संरचना र सङ्ख्या देखाउनु होस् :** न्युक्लियोटाइड, उत्पादनशील, विज्ञान, वर्षा, स्वाङ

५. **तल रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्टयाउनु होस् :**

भ्रष्टाचार भएको कारण देखाई सहयोग गर्न अस्वीकार गरेका बेलायत, नर्वे र युरोपेली समुदायप्रति दक्षिण अफ्रिकी राष्ट्रपति मलावीकी जोयसे बान्डा क्रुद्ध बनेकी छिन् । उनले भ्रष्टाचारको जग आफ्नो कार्यालय नभई पन्ध्र वर्ष अघि बसेको भन्दै युरोपेली मुलुकका सरकारसँग सहयोगका निम्ति रोइकराई नगर्ने प्रतिक्रिया दिएकी छिन् ।

६. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नु होस्:**

साधारण अर्थमा उत्पादनको विज्ञापन तथा उत्पादनसँग सम्बन्धित सूचनामाथि उपभोक्ताले कसरी प्रतिक्रिया जनाउँछन् र खरिदको निर्णय गर्दछन् भन्नेबारे मस्तिष्क तरङ्ग आदिको क्रियाकलापद्वारा गरिने अध्ययन नै न्युरो मार्केटिङ हो ।

७. **तलका अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिल्याउनु होस् :**

बसमा एक जना माग्नेले यस्तो मन छुने गजल गायो जसलाई आजका कुनै पनि सङ्गीतले **होड** गर्न सक्तैनन् होला । उसका गीतमा **दर्द**, स्वरमा **जादू** हातमा केवल **सारङ्गी** मात्र थियो । म त त्यस गीतमा **मन्त्रमुग्धझैँ** **मोहित** भएछु ।

८. **तल रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्टयाउनु होस् :**

नेपालको शिक्षामा विश्वको नवीन ज्ञान विज्ञानको प्रयोग शिक्षामा भएको छैन । पौडी पोखरी, ठुलो भवनको चिप्लो विज्ञापन देखाएर रटन्ते शिक्षा दिने शिक्षालयले आधुनिकताको खोक्रो गुड्डी हाँक्नु सूर्यलाई हत्केलाले छेकेको ठान्नु हो ।

**९. तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् : २**

मानिसका मन मस्तिष्कमा भौतिकताले डेरा जमाएपछि डिस्को, बार, रेस्टुरेन्टमा भीडभाड हुने नै त भयो । कर्ममा भन्दा चाकरी चाप्लुसीमा विश्वास राख्नेहरुको घेरामा रहुन्जेलसम्म मानिसले आफ्नो योग्यता पहिचान गर्न सक्दैन ।

**१०. तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् :**

आफ्नै तालमा रमाउने मोर्डन युवाहरुले जीवनमा प्रगति होइन अवनति गर्छन् त्यसैले गाउँ सहरका युवाहरुले अग्रजहरुको सरसल्लाहलाई मानेर आफ्नो लक्ष्य निर्धारण गर्नु पर्छ । नवीन मार्गमा अघि बढ्न समय समयमा आफ्नो मूल्याकंन गर्नु पर्छ । कोरेका रोड म्यापहरुमा परिमार्जन गर्नु पर्छ भनेर क्याम्पसका साथीहरु भन्छन् ।

**११. तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् :**

मानिसका मन मस्तिष्कमा भौतिकताले डेरा जमाएपछि डिस्को, बार, रेस्टुरेन्टमा भीडभाड हुने नै त भयो । कर्ममा भन्दा चाकरी चाप्लुसीमा विश्वास राख्नेहरुको घेरामा रहुन्जेलसम्म मानिसले आफ्नो योग्यता पहिचान गर्न सक्दैन ।

**१२. तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र तद्भव शब्द खोजी लेख्नु होस् : २**

रोगले, किराले, फोहोरले, मैलाले, जहाँजहाँ आक्रमण गरिरहेको छ, जहाँ जहाँ मानिसलाई सताएर दुःखले पिरलि रहेछ, त्यतैबाट घुम्दै, हल्लँदै छु बुझ्यौ ? अब म मन्दिर मन्दिर धाउन्नँ । आज एक जनालाई घाट लगिदिएँ, मर्न लागेकी एउटी आइमाईलाई औषधी पियाइदिएँ, एउटा बच्चालाई अस्पतालमा पुऱ्याएर फर्के ।

**१३. दिइएको अनुच्छेदलाई तृतीय पुरुषको स्त्रीलिङ्गमा परिवर्तन गर्नु होस् : ५**

तिमी भोलि बिहान सबेरै विद्यालय आउला । म पनि विद्यालयमै आउँला । तिमीहरु यता नआई सहर घुम्न जाऔला । तैँले हामीलाई सम्झिलास् । तिमी यस बारेमा के सोच्छौ ?

**१४. दिइएको अनुच्छेदलाई तृतीय पुरुषको स्त्रीलिङ्गमा परिवर्तन गर्नु होस् : ५**

तिमी भोलि बिहान सबेरै विद्यालय आउला । म पनि विद्यालयमै आउँला । तिमीहरु यता नआई सहर घुम्न जाऔला । तैँले हामीलाई सम्झिलास् । तिमी यस बारेमा के सोच्छौ ?

**१४. अज्ञात भूतमा परिवर्तन गर्नु होस् : ६**

बल्खु चोकबाट दक्षिण काली हुँदै हेटौडाको बाटो सार्वजनिक गरेपछि भाडाका गाडी र निजी गाडीहरु हजारौँको संख्यामा काठमाडौँबाट आउने र जाने गर्छन् । भारतीय पर्यटकहरुको लागि नेपाल प्रवेश गर्ने मुख्य नाकामध्ये वीरगन्ज हो । त्यस अर्थमा बल्खु चोकबाट कालिमाटी हुँदै काठमाडौँ सहर पस्ने मुख्य बाटो हुन गएको छ ।

**१४. तलका वाक्यलाई अभ्यस्त भूतमा परिवर्तन गर्नु होस् :**

मानिसहरुमा चेतना निकै विकास भएको छ । तिनीहरुलाई निकै कुरा थाहा भएको छ । आकाशमा के कति तारा छन् । गन्न सकिएन । मानिसहरु मिहिनेती बनेका छन् । साथीहरु निकै मिलनसार भएको छ।

**१४. तल दिइएका वाक्यहरुको सङ्गति मिलाउनु होस् :**

उहाँले सबै काम गर्छ । म त पढेको पढ्यै छ । तिमी त हिजो पो आएछ । आफू त सबेरै जान्छु । काकाले ऊहरुलाई बोलाउँछन् ।

**१५. तलको अनुच्छेदबाट ६ वटा उपसर्ग व्युत्पन्न शब्द र ६ वटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नु होस् :**

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) सूचना केन्द्र र विश्व सामुदायिक रेडियो प्रसारक सङ्गठन द्वारा संयुक्त रुपमा आयोजित कार्यशालाको उद्घाटन गर्दै सञ्चार मन्त्रीले आवश्यक संयन्त्र निर्माणमा जोड दिनु भयो । स्थानीय र केन्द्रीय तहमा सामुदायिक रेडियोले खेलेको भूमिकाका साथै यसको व्यावसायिक सफलता अधिकतम विकासका चर्चा पनि कार्यशालामा भएको थियो ।

**१६. अनुच्छेदबाट ६ वटा उपसर्ग व्युत्पन्न शब्द र ६ वटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नु होस्**

दलित कुनै जाति होइन, सामन्ती वर्णाश्रम व्यवस्थाले समाजको श्रमजीवी, मिहिनेतकश र शिल्पजीवी जनतामाथि लादेको शोषण, दमन र उत्पीडनको समष्टिगत रूप हो । भेदभावका कारण दलित समुदाय आर्थिक रूपमा विपन्न र गरिब छ, सामाजिक रूपमा कथित अछूत छ, धार्मिक रूपमा बहिष्कृत छ, शिक्षाको हिसाबले अन्धकारमा छ, स्वास्थ्यको कुरा गर्दा कमजोर छ , राजनीतिक एवम् प्रशासनिक क्षेत्रमा पहुँच र प्रतिनिधित्व विहीन अवस्थामा छ । अपवादका रूपमा केही व्यक्ति विशेषको परिस्थिति फरक भए पनि सम्पूर्ण दलितको स्थिति यस्तै छ ।

**१७. तल दिइएका वाक्य ढाँचामा आवश्यक सुधार सहित उच्च आदरमा परिवर्तन गर्नु होस् :**

तैँले उच्च सफलता प्राप्त गर्नका लागि निकै मिहिनेत गर्छस् । उसले जथाभावी बोलेछ । साथीहरुले उसलाई सम्झाएछन् । दाजुले गाली गरेनछ । आमाले भात पकाइछे । काकाले सबैलाई फकाएछन् । उसका कुरा कसैले सुनेनछन् ।

**१८. अनुच्छेदलाई प्रथम पुरुषको अभ्यस्त भूतमा परिवर्तन गरी वाक्य ढाँचा पनि मिलाउनु होस् :**

मानिसहरु जम्मा भएछन् । उनीहरुले आआफ्ना समस्याहरु राखेछन् । काकाले सबैलाई सम्झाएछन् । दाजुले सबैलाई सिकाएछन् । तिमीले मात्र चिनेनछौ ।

**१९. तल दिएका वाक्यहरुको सङ्गति मिलाएर लेख्नु होस् :**

आज त तिमीहरु आयो । आफू त कता हो कता हरायो । काकाले किन बोलायो ? आमाले सधैं कचकच गर्छे । बहिनी आउनु भयो, खाजा पकाउनु भयो र आफैं मात्र खानु भयो । तपाईंले पनि केही भनेन ।

**२०. तलको अनुच्छेद पढी पाँच बुँदा टिपोट गर्नु होस् :**

रोजगार दाता मुलुकहरुले अपनाउने र परिवर्तन गर्ने श्रम वा आप्रवास नीति तथा त्यहाँको आर्थिक मन्दीले रेमिन्ट्यास प्रभावित एवम् हाम्रो आर्थिक, राजनीतिक र कुटनीतिक क्षेत्र समस्याग्रस्त हुन्छ । विगतका वर्षहरुमा देखिएको अन्तर्राष्ट्रिय मन्दी र अरब मुलुकहरुमा भएको विद्रोहले पारेको असर टरे पनि रेमिन्ट्यान्समा अन्तर्राष्ट्रिय अस्थिरताको जोखिम रहिरहन्छ । नेपालमा बैदेसिक रोजगारी रेमिट्यान्स सुविचारित र नीतिगत प्रयासको उपज हैन । त्यसमाथि नीतिहीनता र उपेक्षाको सिकार हुँदा अर्थतन्त्रका अन्य क्षेत्रझैं यहाँ पनि थुप्रै विकृति पनि हुर्किएको छ। विश्व श्रम बजारको माग लगायतका जानकारी लिएर तदनुरुप योजनाबद्ध श्रम शक्ति निर्यात गर्ने , गन्तव्य मुलुकहरुसँग द्विपक्षीय सम्झौता गरेस व्यवस्थित रुपमा प्रशिक्षित कामदार पठाउने, म्यानपावर कम्पनी र चर्को ब्याजमा ऋण दिनेहरुको शोषण रोक्न विदेशस्थित नेपाली कुटनीतिक नियोगदेखि स्वदेशका निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने कामहरु भएका छैनन् । सोझा सिधा श्रमिकको सहायताका लागि भनेर राखिएको सहायता डेस्क पनि कति ठाउँमा दस्तुरी डेस्कमा परिवर्तन भएको छ ।

**२१. तलको अनुच्छेद पढी पाँच बुँदा टिपोट गर्नु होस् ।**

खाद्य संस्थानमा करिब एक करोड रूपैयाँ अनियमितता भएको खुलेको छ। संस्थानको वाग्मती अञ्चल कार्यालयमा गत आवमा उक्त अनियमितता भएको संस्थानको आन्तरिक लेखा परीक्षण प्रतिवेदनले देखाएको हो । पूर्ण रूपमा तयार भई नसकेको उक्त प्रतिवेदन अनुसार कार्यालयका वरिष्ठ लेखा अधिकृत देवेन्द्र सुब्बाले खसीबोका र चामल बिक्रीबापत आएको करिब साढे ५५ लाख रूपैयाँ बैङ्कमा नराखी अपचलन गरेको र अनियमित रूपमा खाजा खर्चका नाममा ४० लाख रूपैयाँ अपचलन गरी व्यापारिक खर्चमा लेखाङ्कन गरिएको छ। वाणिज्य तथा आपूर्ति सचिवको निर्देशनमा आइतबारदेखि काठमाडौं जिल्ला प्रशासन कार्यालयले थुनामा राखेका सुब्बाले अपचलन भएको सम्पूर्ण रकम फिर्ता गर्ने जनाउँदै सोही दिन संस्थानको खातामा ११ लाख रूपैयाँ दाखिला गरि सकेका छन् ।

**२२. एक चिहानको तल दिइएको अंश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् : १०**

आफ्नो जाति र समाजमा भएको मर्दापर्दा दान दक्षिणा दिने र भात भतेर ख्वाउने इत्यादि करै लाग्ने चाल चलनमाथि अष्ट नारान घृणा र आलोचना मात्र गर्ने होइन आक्रमण गरी उजाड नै खुवाइ आइ रहेका थिए । मर्दा नजिकका नाता, सम्बन्धीहरू रोएर बिचाः आउने प्रथालाई उनले बन्द गरि दिएका थिए । शिव नारान र उनका अरू भाइहरू पनि बाबुको क्रान्तिकारी विचाराट प्रभावित थिए । यसैले उनीहरूले

पनि बाबुको नाममा दान दक्षिणा दिने र भोज भतेर खुवाउने कुनै पनि काम गरेका थिएनन् । ˘बाबुप्रतिको हाम्रो परम श्रद्धा यही हो’ भन्ने उनीहरूको भनाइ थियो ।

प्रश्नहरू

(अ) माथिको अनुच्छेदका आधारमा अष्ट नारानका चारित्रिक विशेषता लेख्नु होस् ।

(आ) ‘एक चिहान’ उपन्यासले सामाजिक कुसंस्कारका बारेमा कस्तो दृष्टिकोण प्रस्तुत गरेको छ ? लेख्नु होस् ।

**२३. “एक चिहान” उपन्यासको तलको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् : १०**

के त ? यसको माने हो – किसानका छोरा केही होइनन् ? किसान केही होइन ? त्यसमा मनुष्यत् केही छैन ? शिव नारानले पनि अलि दह्रो भएर जबाफ दिए । “किसान राजा हुन, सम्राट हुन्, परमात्मा हुन् ।” व्यङ्ग्य भावमा राम बहादुरले भने । “किसान माथि व्यङ्ग्य हानेर तपाई“ यस्तो उपेक्षित कुरा नगर्नु होला रामबहादुरजी तपाई“लाई म यो पनि बताइदिन चाहन्छु एक चोटिलाई मैले क्षमा गरेको छु । किसान अरू केही थोन नभए तापनि तपाई“को अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिइ रहने एउटा त्यागी र तपस्वी जाति हो । अझ यो भन्दा पनि बढ्ता तपाई“ थाहा पाउन चाहनु हुन्छ भने पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबभन्दा ठूलो किसान हो, जसलाई तपाई“ ईश्वर भन्न चाहनु हुन्छ कि परमेश्वर अथवा जे भन्नोस् ।” बडो गर्वसाथ शिव नारानले भने ।

प्रश्नहरू

(क) माथिको गद्यांशमा आएको राम बहादुर कस्तो पत्र हो ? उपन्यासका आधारमा स्पष्ट पार्नु होस् ।

(ख) उपर्युक्त गद्यांशका आधारमा किसान जातिको महत्व र तिनमा आएको क्रान्ति चेतनाको विश्लेषण गर्नु होस् ।

**२४. बाल बालिकाका बिचमा विभेद सिर्जना गर्ने मूल कारण समाज नै हो त, आफ्नो विचार लेख्नु होस् ।**

**२५ अन्तर्जातीय विवाहबाट नेपालमा जातीय सदभाव विकास हुन सक्छ ? एक चिहान उपन्यासको आधारमा वर्णन गर्नु होस् । ५**

**२६. आइमाई साथी वा पुरुष साथीको बारेमा तपाईंको के धरणा छ ? प्रतिक्रिया लेख्नुहोस् ।**

**२७. छिमेकी कथाको आधारमा असल छिमेकीमा के कस्ता गुणहरु हुनुपर्छ ? स्पष्ट पार ।**

**२८. आफू सहभागी भएको वृक्षरोपण कार्यक्रमको वर्णन गर्दै एउटा प्रतिवेदन तयार पार्नु होस् ।**